apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१
● वर्षः १२ ● अंकः १७२ ● पृष्ठः ४ ● २५ असार २०८३ विहीबार (09 July 2026. Thursday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/





समाचार पृष्ठ ३

# जनकपुरको धनुषा अस्पतालमा महिलाको मृत्यु

## आठ महिने शिशु निकाल्न सोमबार भर्ना भएकी सिरहा नगरपालिका–२१ लग्डीगोठकी २३ वर्षीया कल्याणी पासवानको बुधबार उपचारको क्रममा मृत्यु

**अपन दैनिक संवाददाता**
**सिरहा, असार २४ गते**



जनकपुरको धनुषा अस्पतालमा महिलाको मृत्यु भएपछि अवस्था तनावग्रस्त बनेको छ। गर्भमा मृत्यु भएका आठ महिने शिशु निकाल्न सोमबार भर्ना भएकी सिरहा नगरपालिका-२१ लग्डीगोठकी २३ वर्षीया कल्याणी पासवानको बुधबार उपचारको क्रममा मृत्यु भएको हो।

मृतकका पति सतेन्द्र पासवानका अनुसार भर्ना भएपछि अस्पतालले मृतक शिशु औषधि सेवनपश्चात समान्य तरिकाबाट बाहिर निस्किने अस्पतालकी स्त्री तथा प्रसुतिरोग विशेषज्ञ डा.स्वति जयसवालले आश्वासन दिएकी थिइन्।

शल्यक्रिया गरी निकालीदिन आग्रह गरेपनि अस्पतालले पर्खिन भन्यो। बुधबार बिहान १० बजेतिर कल्याणीको पेटमा रहेको मृतक शिशु समान्य तरिकाबाटै निस्कियो। तर, त्यसपछि अत्यधिक रक्तश्राव भएपछि आमाको अवस्था जटिल भयो। रक्तश्राव रोक्न प्रयास गर्दा नरोकिएपछि अस्पतालले रगत पनि चढाएको थियो।

त्यसपछि पनि स्वास्थ्य अवस्था सुधार हुनुको साँटो झन झन बिग्रिएपछि दिउँसो २ बजे अस्पतालले आफैले एम्बुलेन्समा राखेर थप उपचारको लागि भन्दै विराटनगर पठाउँदा बाटामै मृत्यु भएको मृतकका पति सतेन्द्रको भनाइ छ।

अस्पतालमा परिवारजनसँग समन्वय नै नगरी घटना ढाकछोप गर्न र जवाफदेहीबाट पन्छिन एम्बुलेन्समा राखेर विराटनगर रिफर गरेको आफन्त विद्या पासवानको आरोप छ।

'एम्बुलेन्समा हतारहतार हाल्यो। हामीसँग सल्लाह पनि गरेनन्। त्यतिबेला कल्याणी बेहोस् थिइन्। उनका पति पनि बाहिर

बाँकी पृष्ठ ३

# शिक्षककै शैक्षिक प्रमाणपत्र नक्कली !




**अपन दैनिक संवाददाता**
**सिरहा, असार २४ गते**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सिरहाको धनगढीमाई नगरपालिकास्थित जनता माध्यमिक विद्यालयका शिक्षक गुन्जेश्वर मण्डल विरुद्ध विशेष अदालतमा आरोपपत्र दायर गरेको छ।

विद्यालयमा माध्यमिक तह तृतीय श्रेणीमा कार्यरत शिक्षक मण्डलको पीसीएल र स्नातक तहको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको पुष्टि भएपछि आयोगले बुधबार मुद्दा दायर गरेको हो।

शिक्षक मण्डलले शिक्षक पेसामा नियुक्ति लिने क्रममा भारतको बिहार इन्टरमिडिएट एजुकेसन काउन्सिल, पटनाबाट आईएस्सी र चौधरी चरण सिंह विश्वविद्यालय मेरठबाट विज्ञानमा स्नातक तह उत्तीर्ण गरेको भनी झुट्टा शैक्षिक प्रमाणपत्र पेस गरेका थिए। उनले ती नक्कली प्रमाणपत्रका आधारमा माध्यमिक तह तृतीय श्रेणीको शिक्षक पदमा नियुक्ति लिई सरकारी ओहदा, लाभ र सुविधा समेत प्राप्त गरेको अख्तियारको अनुसन्धानबाट खुलेको छ।

अख्तियारका प्रवक्ता सुरेश न्यौपानेका अनुसार मण्डलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर गरेको देखिएकाले उनलाई सोही ऐन बमोजिम कैद र जरिवाना सजायको मागदाबीसहित विशेष अदालतमा आरोपपत्र दायर गरिएको हो।

# सिरहाकै पहिलो साक्षर पालिका बन्यो लहान




**अपन दैनिक संवाददाता**
**सिरहा, असार २४ गते**

जनसंख्या र भूगोलका हिसाबले सिरहाको सबैभन्दा ठूलो स्थानीय तह लहान नगरपालिकालाई जिल्लाकै पहिलो साक्षर नगरपालिका घोषणा गरिएको छ।

बुधबार नगरपालिकाको सभाहलमा आयोजित कार्यक्रममा मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री मनोजकुमार सिंहले राष्ट्रिय साक्षरता मापदण्डअनुसार आवश्यक सूचक पूरा गरेको आधारमा लहानलाई साक्षर नगरपालिका घोषणा गरे।

नगरपालिकाको साक्षर घोषणा समन्वय समितिको असार ८ गतेको सिफारिस तथा १८औं नगरसभाको असार ११ गतेको निर्णयका आधारमा घोषणा गरिएको हो। नगर क्षेत्रमा १५ देखि ६० वर्ष उमेर समूहका ९५ प्रतिशतभन्दा बढी नागरिक साक्षर भएको मापदण्ड पूरा भएपछि लहानले यो उपलब्धि हासिल गरेको हो।

शिक्षा शाखा प्रमुख अमिरी यादवका अनुसार नगरपालिकाको स्थायी जनसंख्या एक लाख दुई हजार ३१ रहेको छ। तीमध्ये १५ देखि ६० वर्ष उमेर समूहका ६३ हजार २१८ जनामध्ये ६० हजार ६९० जना अर्थात् ९६ प्रतिशत साक्षर रहेका छन्। आर्थिक वर्ष २०८१/०८२ मा २, ३, ४, ५, ६, ७, ८, १४ र २१ नम्बर वडा साक्षर घोषणा भइसकेका थिए भने बाँकी वडामा विद्यालय,

बाँकी पृष्ठ ४

# जनकपुरका अतिक्रमित गुठी जग्गा हटाउन ९ सदस्यीय प्रतिवेदन कार्यान्वयन समिति गठन

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असार २४ गते**




भूमि व्यवस्था, सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले धनुषाको रामजानकी मन्दिरलगायत बृहत्तर जनकपुर क्षेत्रअन्तर्गत रहेका गुठी जग्गाको संरक्षण तथा अतिक्रमण हटाउन ९ सदस्यीय कार्यान्वयन समिति गठन गरेको छ।

मन्त्रालयले बृहत्तर जनकपुर क्षेत्रअन्तर्गत जनकपुर उपमहानगरपालिका भित्र रहेका पोखरी, पोखरीका डिल, रामजानकी मन्दिरलगायत प्रमुख मठ-मन्दिर तथा गुठी जग्गाको संरक्षण र व्यवस्थापनका लागि विगतमा तयार भएका प्रतिवेदनहरूको कार्यान्वयनलाई तीव्रता दिन उक्त समिति गठन गरेको हो।

समिति गुठी संस्थान, प्रधान कार्यालयका गुठी प्रशासक ध्रुव घिमिरेको संयोजकत्वमा गठन गरिएको छ। समितिमा जिल्ला प्रशासन कार्यालय धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय समिति धनुषाका जिल्ला समन्वय अधिकारी, भूमि व्यवस्थापन तथा अभिलेख विभागका निर्देशक, भूमि प्रशासन कार्यालय धनुषाका प्रमुख भूमि प्रशासन अधिकृत, नापी कार्यालय धनुषाका प्रमुख नापी अधिकृत, गुठी संस्थान शाखा कार्यालय धनुषाका कार्यालय प्रमुखलगायतका प्रतिनिधि सदस्य रहेका छन्।

समितिलाई बृहत्तर जनकपुर क्षेत्रअन्तर्गत रहेका पोखरी, पोखरीका डिल, रामजानकी मन्दिरलगायत प्रमुख मठ-मन्दिर र गुठी जग्गामा

बाँकी पृष्ठ ३

# सिरहामा ४० वर्षीय महिलाको शव खोलाकिनारमा भेटियो



**अपन दैनिक संवाददाता**
**सिरहा, असार २४ गते**

सिरहाको लक्ष्मीपुर पतारीमा एक महिलाको शव फेला परेको छ। लक्ष्मीपुर पतारी-३ महेशपुरकी ४० वर्षीया रञ्जुदेवी यादवको शव सोही पालिकाको वडा नम्बर ५ र ६ जोड्ने सरस्वती खोलाको उत्तरी किनारमा फेला परेको हो।

स्थानीय अजय यादवले भैंसी चराउने क्रममा शव देखेपछि उनका आफन्त र प्रहरीलाई खबर गरेका थिए। खबरपछि पुगेका प्रहरीले घटनाको मुचुल्का गरी पोस्टमार्टमका लागि रामकुमार उमाप्रसाद स्मारक अस्पताल, लहान पठाएको छ।

मृतकका बुबा हरिदेव यादवले रञ्जुलाई मानसिक समस्या रहेकाले केही समयदेखि माइतीमै बस्दै आएको बताए। उनले मानसिक समस्या रहेकाले उनको घरमा बस्ने, हिंड्नेसमेत ठेगान नहुने बताए। उनको माइती पनि लक्ष्मीपुर पतारी-५

बाँकी पृष्ठ २

# रास्वपा सांसद भन्छन्– मधेशमा लोडसेडिङ सुरु भयो

**अपन दैनिक संवाददाता**
**सिरहा, असार २४ गते**



राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का सांसद शिवशंकर यादवले मधेशमा लोडसेडिङ सुरु भएको बताएका छन्। बुधबारको प्रतिनिधिसभा बैठकमा बोल्दै उनले यस्तो बताएका हुन्।

'म भर्खर आज १० बजे मधेशबाट काठमाडौं आएको छु। र मधेशका जनताहरूले आज फेरि पनि एक चोटी लोडसेडिङ भएको महसुस गरिरहेको अवस्था छ', प्रतिनिधिसभामा बोल्दै उनले भने।

मधेश प्रदेशमा पटक-पटक बत्ती जाने समस्या रहेको दोहोऱ्याउँदै उनले यसमा सरकारको ध्यानाकर्षण गरे।

'मेरो जिल्लाको सिराहा जिल्लामा २८ ठाउँमा ट्रान्फर्मरको आवश्यकता छ। त्यो ट्रान्फर्मर प्रतिस्थापन भएको छैन र बत्ती गइराखेको अवस्था छ',उनले भने, 'के सरकारले ट्रान्फर्मर किन्न छैन कि बजेट छैन ? त्यो सदनलाई जानकारी दिनुपऱ्यो। र बत्ती जाने जुन समस्या छ त्यो समाधान गर्नुपऱ्यो।'



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

# सम्पादकीय...

## श्रम अधिकारको कार्यान्वयन तिव्रता देउ

श्रमिक कुनै पनि संस्था, उद्योग, अस्पताल वा शैक्षिक प्रतिष्ठानको आधारशक्ति हुन्। उनीहरूको श्रम, सीप र समर्पणकै कारण सेवा प्रवाह र उत्पादन सम्भव हुन्छ। त्यसैले श्रमिकको न्यूनतम पारिश्रमिक, सुरक्षित कार्य वातावरण, रोजगार सम्झौता तथा सामाजिक सुरक्षाको प्रत्याभूति कानुनी प्रावधान मात्र होइन, सभ्य र जिम्मेवार समाजको आधार पनि हो। तर वास्तविकता भने फरक देखिएको छ। श्रम तथा रोजगार कार्यालय जनकपुरधामले पछिल्ला दिनमा निजी अस्पताल, शैक्षिक संस्था तथा व्यापारिक प्रतिष्ठानमा गरेको अनुगमनले श्रम कानुनको कार्यान्वयन निकै कमजोर रहेको तथ्य उजागर गरेको छ। धनुषा अस्पतालसहित विभिन्न निजी प्रतिष्ठानमा गरिएको अनुगमनका क्रममा कर्मचारीहरूले सरकारले तोकेको न्यूनतम पारिश्रमिक नपाएको, लिखित रोजगार सम्झौताको अभाव रहेको, सामाजिक सुरक्षा कोषमा आबद्ध नभएको तथा श्रम ऐनका आधारभूत व्यवस्थासमेत पूर्ण रूपमा कार्यान्वयन नभएको अवस्था देखिनु चिन्ताजनक हो। अझ धेरै श्रमिक स्वयं सामाजिक सुरक्षा कोष र आफ्ना कानुनी अधिकारबारे पर्याप्त जानकारीबाट वञ्चित हुनु अर्को गम्भीर पक्ष हो।

यसले कानुन बने पनि त्यसको प्रभावकारी कार्यान्वयन र जनचेतनामा अझै ठूलो दूरी रहेको स्पष्ट पार्छ। विशेषगरी निजी अस्पतालहरू सेवामुखी संस्था हुन्। बिरामीको स्वास्थ्य र जीवनसँग प्रत्यक्ष जोडिएका यस्ता संस्थाले आफ्नै कर्मचारीको श्रम अधिकारको सम्मान गर्न नसक्नु नैतिक र कानुनी दुवै दृष्टिले स्वीकार्य हुन सक्दैन। स्वास्थ्य सेवा दिने संस्थाभित्र कार्यरत स्वास्थ्यकर्मी, नर्स, प्राविधिक तथा अन्य कर्मचारी स्वयं असुरक्षित र शोषणमा परेमा त्यसको प्रत्यक्ष असर सेवा गुणस्तरमा पनि पर्न सक्छ। त्यसैले श्रमिकको हित सुनिश्चित गर्नु सेवा सुधारको पनि महत्वपूर्ण आधार हो। श्रम तथा रोजगार कार्यालयले अनुगमनलाई तीव्र बनाएको कदम सकारात्मक छ। लामो समयदेखि कागजी रूपमा सीमित देखिएको नियमन अब व्यवहारमा लागू हुन थालेको संकेत यसले दिएको छ। तर अनुगमन केवल औपचारिक प्रक्रिया बन्नु हुँदैन। कमजोरी देखिएपछि चेतावनी दिएर मात्र सीमित रहने होइन, पटक-पटक अटेर गर्ने प्रतिष्ठानमाथि कानुनअनुसार कारबाही पनि हुनुपर्छ। कानुनको पालना गर्ने र नगर्ने दुवैलाई समान व्यवहार गरियो भने इमानदारीपूर्वक नियम पालना गर्ने संस्थाप्रति अन्याय हुन्छ।

अर्कोतर्फ, निजी क्षेत्रलाई मात्र दोष दिएर समस्या समाधान हुँदैन। श्रमिकलाई आफ्ना अधिकार र कर्तव्यबारे जानकारी गराउने, सामाजिक सुरक्षा कोषको महत्व बुझाउने तथा रोजगार सम्झौताको आवश्यकता स्पष्ट पार्ने अभियान पनि उत्तिकै आवश्यक छ। ट्रेड युनियन, स्थानीय सरकार, उद्योग वाणिज्य संघ तथा नागरिक समाजले समेत यस अभियानमा सहकार्य गर्नुपर्छ। श्रम अधिकारको संरक्षण सरकारको मात्र जिम्मेवारी नभई सबै सरोकारवालाको साझा दायित्व हो। नेपालको संविधानले श्रमिकको सम्मानजनक रोजगारी र सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गरेको छ। श्रम ऐन र सम्बन्धित कानुनहरू पनि यही उद्देश्यका लागि बनेका हुन्। तर कानुन व्यवहारमा लागू नभएसम्म श्रमिकले त्यसको अनुभूति गर्न सक्दैनन्। त्यसैले अब आवश्यकता अनुगमनको निरन्तरता, कानुनको निष्पक्ष कार्यान्वयन, प्रभावकारी दण्ड-सजाय र व्यापक जनचेतनाको हो। श्रमिकको अधिकार सुरक्षित हुनु भनेको एउटा वर्गको हित रक्षा गर्नु मात्र होइन। स्वस्थ औद्योगिक सम्बन्ध, गुणस्तरीय सेवा, उत्पादनशील अर्थतन्त्र र सामाजिक न्यायको आधार निर्माण गर्नु पनि हो। श्रम कानुनलाई कागजको दस्तावेजमा सीमित नराखी प्रत्येक कार्यस्थलमा व्यवहारिक रूपमा लागू गर्न सकियो भने मात्र श्रमिक, रोजगारदाता र समग्र समाज सबैले त्यसको सकारात्मक प्रतिफल प्राप्त गर्नेछन्।

## सिरहामा 80 वर्षीय महिलाको शव .............

पथलगडामा हो।

मृत्युको कारण भने खुल्न नसकेको प्रहरीले जनाएको छ। घटनाबारे तत्काल केही बताउन नसकिने भन्दै थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ।

- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

**सिधा सम्पर्क ०३३-५२१२१४**

# प्रश्नहरूको घेरामा 'संविधान संशोधन बहसपत्र कार्यदल'

### संविधान संशोधनका लागि बहसपत्र तयार गर्ने कार्यदलको क्षेत्राधिकारमा विपक्षी दलहरूको प्रश्न


**भाषा शर्मा**



संविधान संशोधनका लागि बहसपत्र तयार पार्न सरकारले बनाएको कार्यदल प्रतिवेदन लेखनको अन्तिम चरणमा छ। यहीबेला कार्यदलमा सहभागी विपक्षी चार दलले एकाएक कार्यदल छोडेको घोषणा गरेका छन्। करिब तीन महिनायता कार्यदलमा रहेर संविधान संशोधनबारे आफ्ना सुझाव दिनुका साथै विभिन्न सरोकारवालासँगको छलफलमा समेत सहभागी भएका दलका प्रतिनिधिहरू कार्यदलको क्षेत्राधिकार र वैधानिकतामा प्रश्न उठाउँदै कार्यदलबाट बाहिरिएको घोषणा गरेका हुन्।

नेपाल कम्युनिस्ट पार्टी (नेकपा), जनता समाजवादी पार्टी (जसपा), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र राष्ट्रिय जनमोर्चाका प्रतिनिधिले सोमबार (२२ असार) संयुक्त पत्र पठाउँदै कार्यदल छाडेको जानकारी गराएका थिए। उनीहरूले संविधानको आधारभूत संरचनामै प्रहार गर्न खोजिएको भन्दै बहसपत्रको प्रक्रिया नै खारेज गर्न माग गरेका छन्।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले गत वर्षको संसदीय चुनावका लागि ल्याएको वाचापत्रमा संविधान संशोधनलाई प्राथमिकतामा राखेको थियो। यस्तै, चुनावमा करिब दुईतिहाइ बहुमत ल्याएर रास्वपाले बनाएको सरकारले सार्वजनिक गरेको शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीमा पनि संविधान संशोधनको योजना समेटिएको थियो। १३ चैत २०८२ मा वालेन्द्र शाह नेतृत्वको सरकारको पहिलो मन्त्रिपरिषद् बैठकले स्वीकृत गरेको शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीको चौथो बुँदामा 'संविधान संशोधनसम्बन्धी विषयहरूमा राष्ट्रिय सहमति निर्माण गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले सात दिनभित्र संविधान संशोधन बहसपत्र तयार गर्न कार्यदल गठन गर्ने' उल्लेख थियो। त्यसैअनुसार १६ चैतमा प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम शाहको नेतृत्वमा कार्यदल गठन भएको थियो। २५ चैतमा कार्यदलको पहिलो बैठक बसेको थियो।



कार्यदलले पूर्वराष्ट्रपति, पूर्वप्रधानमन्त्रीहरू, संविधानका जानकार, कानुन व्यवसायी, विभिन्न सरोकारवाला समूहसँग छलफल गरेर सुझाव संकलन गरिसकेको छ। कार्यदलले आफूलाई दिइएको असार मसान्तभित्र बहसपत्र प्रधानमन्त्री शाहलाई बुझाउने गरी प्रतिवेदन लेखन अन्तिम चरणमा पुऱ्याइरहँदा विपक्षी दलका प्रतिनिधि सदस्यहरू हठात् बाहिरिएका छन्।

कार्यदलमा प्रतिनिधित्व गर्दै आएका नेकपाका देव गुरुङ, जनता समाजवादी पार्टीका सुरेन्द्र झा, लोकतान्त्रिक समाजवादी पार्टीका लक्ष्मणलाल कर्ण र राष्ट्रिय जनमोर्चाका मनोज भट्टले कार्यदलका संयोजक शाहलाई संयुक्त पत्र पठाउँदै २२ असारदेखि बैठकमा सहभागी नहुने बताएका छन्। पत्रमा सुझाव संकलनको प्रक्रिया हेर्दा संविधानका सबै धारा, उपधारा खुला राखी संविधान नै पुनर्लेखन गर्न खोजेको जस्तो देखिएको भनिएको छ। दलका नेताहरूले आफूहरू कार्यदलमा बसेको लामो समयसम्म संविधान पुनर्लेखन हो वा संशोधन भन्ने बुझ्न नसकेको पनि उल्लेख गरेका छन्।

दलका प्रतिनिधिले बुझाएको ६ बुँदे पत्रमा संविधान संशोधनको विषयमा प्रवेश नगर्न र बहसपत्रको प्रक्रिया खारेज गर्न माग गरेका छन्। उनीहरूले संविधानको प्रस्तावना र आधारभूत मूल्यमान्यताका धारा-उपधारा नचलाउने प्रतिबद्धता प्रस्ट पार्न भनेका छन्। 'संशोधन गर्न चाहेका विषयहरू कुन कुन विषय के कति कारणले संशोधन गर्नुपर्ने हो, त्यसबारे संघीय संसद्मा प्रतिनिधित्व रहेका दलका नेताहरूको सर्वदलीय बैठक आयोजना गरी सरकारले राष्ट्रिय सहमतिको पहल गरिनुपर्छ। यी विषय सम्बोधन नभएमा सरकारको बहसपत्र तयार गर्ने कार्यदलको यथास्थितिको प्रक्रियामा दलको तर्फबाट सहभागी हुन नसक्ने जानकारी गराउँछौं।'

राजनीतिक दलहरू र कानुन व्यवसायीले त संविधानमा सरोकार र विषयविज्ञतासँग जोडेर कार्यदलका संयोजक शाहप्रति पनि प्रश्न उठाउँदै आएका छन्। संविधान संशोधनका लागि उनी संघीय संसद्को सदस्य नरहेको र संविधानको जानकार पनि नभएकाले उनलाई संयोजक बनाउन नहुने विषय उनले बोलाएको छलफलमा समेत उठ्ने गरेको थियो।

**किन बाहिरिए ?**

'संविधान संशोधनका लागि बहसपत्र तयार गर्ने कार्यदल २०८२' बाट विपक्षी दलहरू बाहिरिए पनि बहसपत्र तयार हुँदै छ। रास्वपाका तर्फबाट कार्यदलमा रहेका प्रतिनिधिसभा सदस्य मोहनलाल आचार्य बहसपत्र लेखनको अन्तिम अवस्थामा आएर दलहरूले प्रश्न उठाएको बताउँछन्। "बहसपत्र लेखन कार्य सुरु भएपछि ६ वटा विषय उठाउनुभएको थियो। हामी अधिकतम लचक भएका थियौं," उनी भन्छन्, "कार्यदलमा बसेर ८३ दिनसम्म विभिन्न सरोकारवालासँग छलफल गरिसकेपछि कार्यदलको नाममै प्रश्न उठाउनुभयो। सुरुमै यो प्रश्न उठाइएको भए त्यतिबेलै नाम परिवर्तन हुन्थ्यो होला।"

विपक्षी दलहरूबाट संविधानका सबै विषयमा बहस गर्न नपाइने भनाइ आएको उनी बताउँछन्। बहस नै गर्न पाइँदैन भन्नु गलत भएको उनको भनाइ छ। "संविधानका आधारभूत संरचनाविरुद्ध पो जान पाइँदैन, तर इस्युमा छलफल गर्नै पाइँदैन भन्न त मिलेन, छलफल गर्नासाथ फरक पर्ने होइन," उनी भन्छन्, "छलफल गर्दा विषयवस्तुमा असहमति हुन सक्छ। साझा सहमति भएका विषयमा अगाडि बढ्ने हो, बाँकी विषयमा बहस भइराख्छ। एकैपटकमा संशोधन हुनुपर्छ भन्ने छैन।"

सहमति नभएका विषयमा खुला रूपमा बहसका रूपमा लैजाने बाटो हुँदाहुँदै दलहरूले सर्त राखेको उनी बताउँछन्। सम्बन्धित दलभित्रको अन्य विषयले पनि कार्यदलबाट बाहिरिएको हुन सक्ने उनको भनाइ छ।

आचार्यका अनुसार संविधान संशोधनमा सुझाव मागिएपछि देशभरिबाट ४४ हजारभन्दा बढी सुझाव आएका छन्। छलफलको विषयवस्तु सीमित गरे यी सुझावहरूको अपमान हुने उनको तर्क छ। असार महिनाभित्र बहसपत्र तयार पार्ने समय पाएको कार्यदलले ६ दिनभित्र प्रतिवेदन सरकारलाई बुझाउने सांसद आचार्य बताउँछन्।

कार्यदलमा प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले आफ्नो प्रतिनिधि पठाएकै छैन। विपक्षी दल नेकपा (एमाले) दुई वटा बैठकमा गएपछि सहभागी नहुने बताएको थियो। अन्य दलका प्रतिनिधिहरू भने सबै छलफलमा सहभागी हुँदै आएका थिए।

कार्यदलमा नेकपाको तर्फबाट सदस्य रहेका संविधानसभा सदस्य एवम् पूर्वकानुनमन्त्री देवप्रसाद गुरुङ सुरुदेखि नै आफूहरूले कार्यदलका विषयमा प्रश्न उठाएको तर नसुनिएको बताउँछन्। "कार्यदलको बैठक जम्मा तीन पटक बस्यो। हामीले मौखिक रूपमा सुरुदेखि नै कुरा उठाएका थियौं," उनी भन्छन्, "मौखिक रूपमा सुन्न तयार नभएपछि लिखित दिएका हौं। कार्यदलको कार्यविधि नै स्पष्ट छैन, त्यसको वैधानिकता पनि छैन।"

लामो समयको संघर्ष, आन्दोलन र बलिदानपछि बनेको संविधानको आधारभूत संरचना नै भत्काउन दलहरूको कार्यादेश खोजेको देखिएकाले आफूहरू कार्यदलबाट बाहिरिएको गुरुङ बताउँछन्।

# आजको राशिफल

**मेष :** दिनको सुरुवातमा केही मानसिक अलमल वा खर्चको योग देखिए पनि मध्याह्नपछि समय निकै उत्साहजनक हुनेछ।

**बृष :** शारीरिक थकाइ र अनावश्यक दौडधुप हुन सक्छ। मध्याह्नपछि खानपान र स्वास्थ्यमा विशेष ध्यान दिनुहोला।

**मिथुन :** मध्याह्नसम्म व्यापार-व्यवसाय वा साझेदारीका कामबाट राम्रो फाइदा मिल्नेछ।

**कर्कट :** समय निकै फलदायी रहनेछ। विशेष गरी कार्यक्षेत्रमा तपाईंको प्रभाव बढ्नेछ।

**सिंह :** मध्याह्नसम्म भाग्यले त्यति साथ नदिएको जस्तो लागे पनि त्यसपछि स्थिति अनुकूल बन्दै जानेछ।

**कन्या :** सुरुवातमा स्वास्थ्यमा केही कमजोरी महसुस हुन सक्छ वा वादविवादको सामना गर्नुपर्ला।

**तुला :** मध्याह्नसम्म व्यापार र साझेदारीका कामबाट राम्रो लाभ मिल्नेछ।

**वृश्चिक :** प्रतिस्पर्धीहरूमाथि विजय प्राप्त हुनेछ। रोकिएका कामहरूले गति लिनेछन्।

**धनु :** मध्याह्नसम्म बौद्धिक र रचनात्मक काममा राम्रो सफलता मिल्नेछ।

**मकर :** पारिवारिक समस्याले केही तनाव दिन सक्छ। तर, मध्याह्नपछि मन प्रसन्न रहनेछ र सिर्जनात्मक काममा रुचि बढ्नेछ।

**कुम्भ :** पराक्रम र आत्मविश्वास बढ्नेछ। छोटो दूरीको यात्रा फलदायी हुनेछ।

**मीन :** आर्थिक रूपमा दिन बलियो रहनेछ र वाणीको प्रभावले कामहरू बन्नेछन्।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

# अन्योलमा मधेश सरकारको बजेटमाथिको छलफल

**✍ अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असार २४ गते**




राजनीतिक दलबीच सहमति जुट्न नसक्दा मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तुत गरेको विनियोजन विधेयकमाथिको छलफल अन्योलमा परेको छ।

बजेट प्रस्तुत भएको तीन साताभन्दा बढी समय बितिसके पनि प्रदेशसभामा छलफल सुरु हुन नसक्केको हो। प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि असार १ गते बजेट प्रस्तुत गरेको थियो।

बजेटमाथि छलफलका लागि असार १७ गते बोलाइएको प्रदेशसभा बैठकमा प्रतिपक्षी दल जनता समाजवादी पार्टी नेपाल र जनमत पार्टीले बजेट संशोधनको माग गर्दै बैठक अवरुद्ध गरेका थिए। त्यसपछि सभामुख रामअशिष यादवले बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित गरेका थिए।

प्रदेशसभा सचिवालयका सचिव बासुप्रसाद कोइरालाका अनुसार बैठक सञ्चालनका लागि सभामुखको पहलमा सत्तापक्ष र प्रतिपक्षबीच पटकपटक छलफल भए पनि सहमति जुट्न सकेको छैन। यद्यपि, दलहरूबीच संवाद भने निरन्तर जारी रहेको उनले बताए।

प्रदेश सरकारका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रतिपक्षसँग निरन्तर छलफल भइरहेको र सहमतिका आधारमा चालु आर्थिक वर्षभित्रै बजेट पारित गर्ने प्रयास भइरहेको बताए।

'हामी प्रतिपक्ष दलका नेताहरूसँग पटकपटक छलफल गरिरहेका छौं, छिट्टै सहमति जुटाएर प्रदेशसभा सञ्चालन गर्ने र बजेट पारित गर्नेमा विश्वस्त छौं,' उनले भने।

मुख्यमन्त्री यादवले प्रतिपक्षले उठाएका जायज विषयलाई सम्बोधन गर्न सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै बजेटका विषयमा सरकारमाथि लगाइएका आरोपमा कुनै सत्यता नरहेको दाबी गरे।

प्रतिपक्षी दलहरूले भने बजेट संशोधन नभएसम्म प्रदेशसभाको बैठक सञ्चालन हुन नदिने अडान कायम राखेका छन्।

जनता समाजवादी पार्टी नेपाल र जनमत पार्टीले जनकपुरधाममा संयुक्त पत्रकार सम्मेलन गरी आगामी आर्थिक वर्षको बजेट अव्यावहारिक, असन्तुलित र संघीयताको मर्मविपरीत रहेको भन्दै संशोधन नभएसम्म प्रदेशसभा अघि बढ्न नदिने चेतावनी दिएका छन्।

प्रतिपक्षी दलहरूले मधेश प्रदेशका गौरवका आयोजना बजेटमा समावेश गर्न, सबै निर्वाचन क्षेत्रमा समानुपातिक रूपमा बजेट विनियोजन गर्न तथा बजेट संशोधन गर्नुपर्ने माग गरेका छन्।

पूर्वमुख्यमन्त्री तथा प्रदेशसभा सदस्य लालबाबु राउतले सरकारले विधि र प्रक्रिया पूरा नगरी आग्रह र पूर्वाग्रहका आधारमा बजेट विनियोजन गरेको आरोप लगाउँदै संशोधन आवश्यक रहेको बताए।

पूर्वमुख्यमन्त्री तथा प्रदेशसभा सदस्य जितेन्द्र सोनलले बजेट निर्माणका क्रममा कानुनी प्रक्रिया पालना नगरिएको दाबी गर्दै सबै निर्वाचन क्षेत्रमा समानुपातिक रूपमा बजेट विनियोजन हुनुपर्नेमा जोड दिए।

जनमत पार्टी संसदीय दलका नेता चन्दन सिंहले सरकारले संघीयताको मर्मविपरीत बजेट ल्याएको आरोप लगाउँदै एक करोड रुपैयाँभन्दा कमका योजना नराख्ने आफ्नो प्रतिबद्धताबाट सरकार पछि हटेको टिप्पणी गरे।

मधेश प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराईले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि कृषि नवप्रवर्तन, उद्यमशीलता प्रवर्द्धन, शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राख्दै ४१ अर्ब १३ करोड ८६ लाखको बजेट प्रदेशसभामा प्रस्तुत गरेका थिए।

## जनकपुरको धनुषा अस्पतालमा महिलाको ............



थिए। अस्पताले घटना टार्न नै यो विधि अपनाएको छ। लापरबाही गरेको छ', विद्याले भनिन्।

आफ्नो पटक-पटक आग्रहपश्चात पनि समान्य तरिकाबाट शिशु निस्किने डा. स्वतिको हठले आफ्नी पत्नीको ज्यान गएको सतेन्द्रको दाबी छ।

'मैले धेरैपटक आग्रह गरेँ। अप्रेसन गरेर मृतक बच्चा निकालिदिनुस्। तर डाक्टरले केही हुँदैन। सात दिनसम्म पनि मृतक बच्चा औषधि उपचारले आफै निस्किनसक्छ भनेर ग्यारेन्टी नै लिनुभयो,' उनले भने, 'तर बुधबार त्यसैकारण अकालमै मेरी श्रीमतीको ज्यान गयो।'

उनले उपचारमा लापरबाही गर्ने चिकित्सक र अस्पतालाई कारबाहीसँगै क्षतिपुर्तिको माग गरेका छन्। मृतकको आफन्तले अस्पतालमा तोडफोडको प्रयास गरेपछि अवस्था तनावग्रस्त बनेको छ। अहिले बाक्लो मात्रामा त्यहाँ प्रहरी परिचालन गरिएको छ। मृतकका आफन्त तथा परिवार अस्पतालबाहिर धर्नामा बसेका छन्।

उपचारमा संलग्न चिकित्सक डा. स्वति जयसवालले भने कुनै लापरबाही नभएको दाबी गरिन्। 'उपचारमा कुनै लापबराही भएको छैन। शिशु नर्मल निस्कियो। रक्तश्राव धेरै भएर मृत्यु भएको हो। यस्तो सर्जरीपछि पनि हुनसक्छ', उनले भनिन्।

अवस्था असहज भएपछि मात्र सुवधासम्पन्न अस्पतालमा लग्न परिवारसँगको समन्वयमै रेफर गरेको उनको दाबी छ।




# स्कूलबसमा मोटरसाइकल ठोकिंदा एक जनाको मृत्यु, दुई जना घाइते

**✍ अपन दैनिक संवाददाता**
**सिरहा, असार २४ गते**



सिरहामा स्कूलबसमा मोटरसाइकल ठोकिंदा एक जनाको मृत्यु भएको छ। दुई जना घाइते भएका छन्। पूर्वपश्चिम महेन्द्र राजमार्ग अन्तर्गत गोलबजार नगरापलिका ९ चोहवामा मे.१ ख २३६३ नम्वरको शिव शक्ति बाल बोर्डिङग स्कूलको बसमा सोही दिसाबाट आउदै गरेको म.प्र.०१-००५ प ३४०६ नम्वरको मोटरसाइकल ठोकिंदा मोटरसाइकलमा सवार परिचय नखुलेका अन्दाजी २४ वर्षिय युवकको मृत्यु भएको हो।

दुर्घटनामापरी मिर्चया ५ का २४ वर्षिय शंख रिहान र १९ वर्षिय ईनतियाज राईन घाइते भएका छन्।

पूर्वबाट पश्चिम तर्फ गईरहेको बस एक्कासी उत्तर गोविन्दपुरतर्फ मोडिदा सोही दिशाबाट आउँदै गरेको मोटरसाइकल बसमा ठोकिएको प्रहरीको भनाई छ।

टाउको, दबे हात, दुबै खुट्टामा चोट लागेका रिहानको अवस्था गम्भिर रहेको छ। उनको लाईफ लोङ्ग अस्पताल गोलबजारमा सामान्य उपचार पश्चात थप उपचारको लागि बिराटनगर रिफर गरिएको छ।

राईनको बायाँ खुट्टामा चोट, बायाँ हात र टाउकोमा चोट लागेको प्रहरीले जनाएको छ। उनको गोलबजरमा उपचार भईरहेको छ। उनीहरु तीनै जना एउटै मोटरसाइकलमा सवार रहेको प्रत्यक्ष दर्शिले बताए।

हाल सव मिचैया अस्पतालमा रहेको प्रहरीले बताएको छ। बस र चालक प्रहरीको नियन्त्रणमा रहेको छ।

# मधेश भवनमा पत्रकारलाई निषेध

**✍ अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असार २४ गते**




मधेश प्रदेश सरकारको प्रशासनिक निकाय रहेको मधेश भवनमा फोटो खिच्न तथा क्यामेरा लैजानका लागि पत्रकारमाथि रोक लगाइएको छ।

मधेश भवन प्रवेशद्वारमा खटिएका सुरक्षाकर्मीले क्यामेरा प्रवेशमै रोक्ने र पत्रकार भएको परिचय दिएपछि थप सोधपुछ गर्ने गरेको तथा पत्रकारले फोटो भिडियो लिएमा तत्काल क्यामेराबाट डिलिट गर्न लगाउने कार्य भइरहेको छ।

असारे विकासको चटारो र रकम भुक्तानीलगायतका कामकारबाही

बाँकी पृष्ठ ४ ▶▶

## जनकपुरका अतिक्रमित गुठी जग्गा ...........

भएका अतिक्रमण हटाई संरक्षण तथा व्यवस्थापन गर्ने जिम्मेवारी दिइएको मन्त्रालयले जनाएको छ।

समितिले उच्चस्तरीय कार्यदलको प्रतिवेदन, २०६२, सरकारी, सार्वजनिक र गुठी जग्गा संरक्षण सम्बन्धी जाँचबुझ आयोग, २०७६ को प्रतिवेदन तथा गुठी जग्गासम्बन्धी अन्य प्रतिवेदनमा उल्लेख भएका कार्यहरू कार्यान्वयन गर्नेछ।

समितिको कार्यक्षेत्रअनुसार मन्दिर परिसर, पोखरी तथा पोखरीका डिलमा भएको अतिक्रमण रेखाङ्कन गरी सम्बन्धित व्यक्तिलाई सात दिनभित्र स्वेच्छाले जग्गा खाली गर्न सूचना जारी गरिनेछ। त्यसैगरी अन्य गुठी जग्गामा घर- टहरा निर्माण गरी बसोबास गरिएको क्षेत्र रेखाङ्कन गरी सम्बन्धित व्यक्तिलाई पन्ध्र दिनभित्र अतिक्रमण हटाउन सूचना दिइनेछ।

तोकिएको अवधिभित्र अतिक्रमण नहटाएमा स्थानीय प्रशासन तथा सम्बन्धित स्थानीय तहको समन्वयमा १५ दिनभित्र अतिक्रमण हटाउने व्यवस्था गरिएको छ। अतिक्रमण हटाउने कार्य सम्पन्न भएपछि समितिले १५ दिनभित्र प्रगति विवरणसहित मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्ने मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार उक्त समिति गठनसँगै विगतका अध्ययन, आयोग तथा कार्यदलले दिएका सुझावहरूको प्रभावकारी कार्यान्वयन गर्दै बृहत्तर जनकपुर क्षेत्रका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्वका गुठी सम्पत्तिको संरक्षण र व्यवस्थापनलाई थप सुदृढ बनाइने छ।

## बिमा लेख हरायो

मिति २०८३/०१/१५ मेरो निम्न ब्यहोरा भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडबाट जारी भएको बिमा पोलेसी हराएकोले भेटनुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यलय वा निम्न ठेगानामा खबर गरि दिनु हुन अनुरोध छ।

नाम : संजिता देवी साह
ठेगाना : विष्णुपुर कट्टी-२, सिरहा
पोलिसी नं.: ६५१७००८०४

## बिमा लेख हरायो

मिति २०८३/०१/१४ मेरो निम्न ब्यहोरा भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडबाट जारी भएको बिमा पोलेसी हराएकोले भेटनुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यलय वा निम्न ठेगानामा खबर गरि दिनु हुन अनुरोध छ।

नाम : सरस्वती भूजेल
ठेगाना : विष्णुपुर कट्टी-३, सिरहा
पोलिसी नं.: ६२०००५५०१

## बिमा लेख हरायो

मिति २०८३/०१/१२ मेरो निम्न ब्यहोरा भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडबाट जारी भएको बिमा पोलेसी हराएकोले भेटनुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यलय वा निम्न ठेगानामा खबर गरि दिनु हुन अनुरोध छ।

नाम : सन्जु सदाय
ठेगाना : विष्णुपुर कट्टी-९, सिरहा
पोलिसी नं.: ६५१७००९९७

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| 1. | PLI१३३०००६८९६ | अमिरकला देवी वनिया | रामनगर कोदरकट्टी-३, सप्तरी |

HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

# कमला नदीको झोलुङ्गे पुलले फेरियो सिरहा-धनुषाको मुहार, पर्यटक गन्तव्य बन्दै



**अपन दैनिक संवाददाता**
**सिरहा, असार २४ गते**

सिरहा-धनुषालाई जोड्ने कमला नदीमा निर्माण गरिएको देशकै दोस्रो लामो झोलुङ्गे पुल सञ्चालनमा आएपछि त्यस क्षेत्र पर्यटक गन्तव्य स्थलका रूपमा विकास र विस्तार भएको छ।

पुल निर्माणपछि पछिल्लो समय दुवै जिल्लाका स्थानीयलाई एक अर्को जिल्लामा आवतजावत गर्न समेत सहज भएको छ।

कमला नदीमाथिको झोलुङ्गे पुलबाट त्यस वरपरको मनमोहक दृश्यावलोकन गर्नेको पछिल्ला दिनमा भीड नै लाग्न थालेको छ।

पुलबाट वरपरको दृश्य समेट्नेगरी टिकटक बनाउन र फोटो खिच्न तँछाडमछाड गरेको देखिन्छ।

करिब एक हजार ५४४ मिटर लामो उक्त झोलुङ्गे पुलले सिरहाको सिरहा नगरपालिका-१३ मल्हनियार धनुषाको जनकनन्दिनी गाउँपालिका-४ कठाल लाई जोडेको छ।

पुल निर्माणसँगै वर्षौंदेखि डुङ्गा तथा वैकल्पिक जोखिमपूर्ण माध्यम प्रयोग गरेर नदी वारपार गर्नुपर्ने स्थानीयको बाध्यता अन्त्य भएको धनुषाको जनकनन्दनी गाउँपालिका-३ का सन्दीप साहले बताए। सङ्घीय सरकारको रु २८ करोडको लागतमा निर्माण भएको थियो।

निर्माण सम्पन्न भएर २०८० साल माघबाट पुल सञ्चालनमा आएपछि विद्यालय, स्वास्थ्य संस्था, सरकारी कार्यालय तथा बजारसम्म पुग्न लाग्ने समय उल्लेख्य रूपमा घटेको छ।

अहिले दैनिक ठूलो सङ्ख्यामा नागरिकले त्यस पुलमार्फत सहज रूपमा आवतजावत गरिरहेका छन्। पुल निर्माणपछि दुई जिल्लाबीचको सामाजिक, सांस्कृतिक र आर्थिक सम्बन्धलाई थप मजबुत बनाएको जनकनन्दनी गाउँपालिका-३ कै रोशन यादवको विश्वास छ।

पुल निर्माणपछि छिमेकी मुलुक भारतको बिहारबाट आउने पर्यटकलाई समेत सहज पहुँच भएको छ।

नजिकका धार्मिक तथा पर्यटकीय क्षेत्र घुम्न आउने भारतीय पर्यटकको सङ्ख्या बढ्न थालेपछि स्थानीय होटल, रेष्टुरेन्ट, पसल तथा साना व्यवसायी उत्साहित भएको स्थानीय मोहम्मद इमामुलको भनाइ छ।

हुलाकी सडक खण्डअन्तर्गत कमला खोलामा नवनिर्मित पुल भत्किएपछि झोलुङ्गे पुल कमलानदी वारपार गर्नेको सङ्ख्या पछिल्लो समय बढेको छ।

'पहिले नदी तर्न डुङ्गामा निर्भर रहनुपर्ने अवस्था रहेकाले वर्षायाममा आवतजावत निकै कठिन हुने गरेको थियो', इमामुलले भने, 'अहिले पुल सञ्चालनमा आएपछि वर्षभरि सुरक्षित र सहज रूपमा यात्रा गर्न सहज भएको छ।'

स्थानीय किसानले उत्पादन गरेका कृषि उपज, दुग्धजन्य वस्तु तथा अन्य सामग्री बजारसम्म पुर्याउनसमेत सहज भएको छ।

यातायात खर्च र समय दुवै घटेकाले कृषक तथा साना उद्यमी प्रत्यक्ष लाभान्वित हुने अपेक्षा गरिएको छ। पुल आसपासका क्षेत्रमा चिया पसल, होटल, किराना, फलफूल तथा अन्य साना व्यवसाय विस्तार हुन थालेका छन्।

स्थानीयले पर्यटन र व्यापारसँग सम्बन्धित नयाँ व्यवसाय सञ्चालन गरेकाले रोजगारी सृजना र स्थानीय अर्थतन्त्रसमेत चलायमान बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

कमला नगरपालिका-६ का मनोज यादव उक्त पुललाई केवल आवतजावतमा मात्र सीमित नगराई दुई जिल्लाको विकास, सामाजिक एकता र आर्थिक समृद्धिको आधारका रूपमा लिइनुपर्ने बताउछन्। उनका अनुसार पुलबाट शिक्षा, स्वास्थ्य, कृषि, व्यापार र पर्यटनका क्षेत्रमा दीर्घकालीन सकारात्मक प्रभाव पार्नेछ।

जनकनन्दी गाउँपालिकाका अध्यक्ष विपिनदेव यादवले उक्त झोलुङ्गे पुलको अधिकतम उपयोग गर्दै आसपासका क्षेत्रमा सडक, बजार, पर्यटकीय पूर्वाधार तथा अन्य सेवा विस्तारका कार्यक्रम अघि बढाइने बताए।

## सिरहाकै पहिलो साक्षर पालिका बन्यो ............

वडा कार्यालय र सामुदायिक सिकाइ केन्द्रको सहकार्यमा सञ्चालन गरिएको अभियानपछि नगरलाई पूर्ण रूपमा साक्षर घोषणा गरिएको उनले जानकारी दिए।

घोषणा समारोहलाई सम्बोधन गर्दै शिक्षा तथा संस्कृति मन्त्री सिंहले सामुदायिक विद्यालयलाई सूचना प्रविधिमैत्री बनाउनेतर्फ प्रदेश सरकारले प्राथमिकता दिएको बताए। उनले दलित तथा सिमान्तकृत समुदायका चार हजार विद्यार्थीलाई छात्रावाससहित अध्ययनको व्यवस्था, पाँच सय स्वयंसेवक शिक्षक नियुक्ति, प्रत्येक जिल्लामा अंग्रेजी माध्यमका नमूना विद्यालय, छोरी-बुहारीका लागि उच्च शिक्षा छात्रवृत्ति, विज्ञान तथा कम्प्युटर प्रयोगशाला स्थापना र ८७ सामुदायिक विद्यालयमा नमूना भान्सा कार्यक्रम सञ्चालन गरिने जानकारी दिए।

जिल्ला समन्वय समिति सिरहाका प्रमुख दिनेशकुमार महतोले शिक्षक, विद्यार्थी र सामुदायिक सिकाइ केन्द्रको समन्वयबाट जिल्लाकै पहिलो साक्षर नगरपालिका घोषणा हुनु गौरवको विषय भएको बताए।

नेपाल पत्रकार महासंघ सिरहा शाखाका अध्यक्ष मनोज बनैताले डिजिटल युगमा साक्षरता लेखपढमा मात्र सीमित नरही आलोचनात्मक सोच र नागरिक चेतनासँग जोडिएको उल्लेख गर्दै यसले सुशासन, पारदर्शिता र दिगो विकासमा योगदान पुर्याउने धारणा राखे।

कार्यक्रममा नगर प्रमुख महेशप्रसाद चौधरीले शिक्षा क्षेत्रलाई नगरपालिकाको प्रमुख प्राथमिकतामा राखिएको बताउँदै आगामी आर्थिक वर्षमा विशेष अनुदानअन्तर्गत प्राप्त हुने एक करोड ७५ लाख रुपैयाँ सूचना प्रविधिसम्बन्धी पूर्वाधार, शैक्षिक सामग्री र गुणस्तरीय शिक्षामा लगानी गरिने जानकारी दिए। उनले साक्षर नगरपालिकाको उपलब्धिलाई दिगो बनाउन सबै पक्षको सहकार्य आवश्यक रहेको पनि बताए।

अपन दैनिक

- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।


सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

### कान्ति कुमारी पाण्डेमाथि कुटपिट प्रकरण

# गौशाला नगरपालिकाका मेयर, वडाध्यक्षसहित १३ जनाविरुद्ध मुद्दा दायर

**अपन दैनिक संवाददाता**
**महोत्तरी, असार २४ गते**





मञ्जुरीबिना गौशाला नगरपालिकाले ढल निकास गर्न खोजेपछि रोक्न गएका निगौल गाई गौशाला व्यवस्थापन कार्यालय प्रमुख कान्ति कुमारी पाण्डेमाथि कुटपिट तथा दुर्व्यवहारको घटनामा नगरपालिकाको मेयर, वडाध्यक्षसहित १३ जनाविरुद्ध मुद्दा दर्ता भएको छ।

निगौल गाई गौशालाको मञ्जुरी विनै जग्गामा ढल निकास गर्न खाजेपछि रोक्न गएका पाण्डेलाई हातपात गर्दै दुर्व्यवहारको भिडियो सार्वजनिक भएपछि गौशाला नगरपालिकाका नगरप्रमुख, वडाध्यक्ष, नगरप्रहरी समेत गरी १३ जनालाई अपराधीक उपद्रव तथा हुलदंगा शीर्षकमा मुद्दा चलाइएको हो।

जिल्ला प्रहरी कार्यालय महोत्तरीले गौशाला नगरपालिकाका मेयर डा.दिपेन्द्र महतो, गौशाला नगरपालिका २ का वडाध्यक्ष श्याम सुन्दर मण्डल, नगरप्रहरी प्रमुख टेकबहादुर लामा, लक्ष्मीनारायण चौधरी, जुलेरप्रसाद सिंह, रितु कुमारी, रमेश पासवान, राजेशकुमार महतो, पानबहादुर लामा, अजयकुमार यादव र चन्द्रिकाकुमारी चौधरीलाई पक्राउ गरी अपराधिक उपद्रव तथा हुलदंगा मुद्दा चलाएको हो।

यसैगरी घटनामा संलग्न रहेको आरोपमा गौशाला नगरपालिका-११ का दिनेश्वर महतो र गौशाला नगरपालिका-४ का ईन्दल राउतलाई समेत अपराधिक उपद्रव तथा हुलदङ्गा मुद्दा दर्ता गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रवक्ता तथा प्रहरी नायव उपरीक्षक पञ्चलाल गेलेले जानकारी दिए।

गत असार ११ गते बिहीबार गाई गौशालाको मञ्जुरी विनै जग्गामा ढल निकास गर्न खाजेपछि रोक्न गएका पाण्डेलाई हातपात गर्दै दुर्व्यवहारको भिडियो सार्वजनिक भएपछि नगर प्रहरीलाई नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालय महोत्तरीले अपराधिक उपद्रव तथा हुलदंगा शीर्षकमा दुई पटक म्याद थप गरिसकेको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख श्याम कुमार सारु मगरले जानकारी दिए। पाण्डेले प्रहरीमा दिएको जाहेरीको आधारमा गौशाला नगरपालिकाका ११ र दुईजना स्थानीयलाई मुद्दा दर्ता गरेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

तत्कालिन निगौल गाई गौशाला प्रमुख शुभेषचन्द्र बरालबीच र तत्कालीन नमुना गौशाला गाविसका सचिव गंगाराम यादवबीच २०६९ असार २२ गते गौशाला व्यवस्थापन समितिको ज्गागामा गोरु बजार,खसी बजार, मासु बजार, घैला बजारलाई ठेक्का लगाउने र लागेको कुल ठेक्काको रकम मध्ये २५ प्रतिशतका दरले गाई गौशालालाई उपलब्ध गराउने सहमति भएकोमा नगरपालिकाद्वारा सहमति कार्यान्वयनमा आनाकानी गरिरहेको छ।

सहमतिपत्रमा भनिएको छ, 'आर्थिक वर्ष २०७०/०७१ देखि ०७३/०७४ सम्म ४ वर्षका लागि पहिलो किस्ता साउन मसान्तसम्म, दोस्रो किस्ता कात्तिक मसान्त र तेस्रो फागुन मसान्तसम्म उपलब्ध गराउनु पर्नेछ।' तर, तत्कालीन गाविस र हालको गौशाला नगरपालिकाले बर्सेनि ठेक्का लगाए पनि हालसम्म १ रुपैयाँ पनि गाई गौशालालाई उपलब्ध गराएको छैन।

जसको विवादमा निगौल गाई गौशाला र गौशाला नगरपालिकाबीच पटक-पटक विवाद उत्पन्न हुँदै आएको छ। निगौल गौशाला व्यवस्थापन समितिको जग्गामा नगरपालिकाले बजार लगाई राजस्व उठाउने गरे पनि गौशाला व्यवस्थापन कार्यालयसँग वार्षिक रुपमा भएको करार सम्झौताअनुसारको रकम दिएको छैन।

# गोठमा लुकाएर राखिएको ४ थान सालको गोलिया बरामद

**अपन दैनिक संवाददाता**
**बारा, असार २४ गते**



डिभिजन वन कार्यालय बाराले कोल्हवी नगरपालिका-५, सखुईस्थित एक स्थानीयको गोठबाट चार थान सालको गोलिया बरामद गरेको छ। विशेष सूचनाका आधारमा तामागढी सब-डिभिजन वन कार्यालयबाट खटिएको वन रक्षक, वन कर्मचारी र सशस्त्र प्रहरीको संयुक्त टोलीले बुधबार 'ए ग्रेड' को सालको गोलिया बरामद गरेको हो।

तामागढी सब-डिभिजन वन कार्यालयका प्रमुख कृष्ण पटेलका अनुसार चोरी गरी लुकाएर राखिएको काठ नियन्त्रणमा लिने क्रममा स्थानीयवासीले करिब दुई घण्टासम्म टोलीलाई अवरोध पुर्याएका थिए। काठ लुकाएर राख्ने घरधनीको नाम स्थानीयले नखुलाएका कारण हाल उनको पहिचान हुन बाँकी रहेको र यस सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रमुख पटेलले जानकारी दिए।

'काठ तस्करहरू बिचमै विवाद भएपछि हामीकहाँ सूचना आएको थियो,' प्रमुख पटेलले भने, 'हामी १५ जनाको टोली त्यहाँ पुगेका थियौं। गाउँलेहरूको अवरोधका बाबजुद बल्लतल्ल काठ निकाल्न सफल भयौं।'

बाराको वन क्षेत्र जीतपुरसिमरा, कोल्हवी र निजगढ नगरपालिका क्षेत्रसँग जोडिएको छ। राजमार्गभन्दा दक्षिण-पश्चिम भित्री क्षेत्रमा रहेका कारण अन्य पालिकाको तुलनामा कोल्हवी नगरपालिकाभित्रका गाउँहरूमा काठ चोरी तस्करीका घटनाहरू बढी हुने गरेको वन कार्यालयको भनाइ छ।

प्रमुख पटेलले घरभित्र वा गोठमा लुकाई-छिपाई राखिएका काठ नियन्त्रणमा लिने क्रममा वन कर्मचारीहरूले पटक-पटक स्थानीयहरूको अवरोध झेल्नुपरिरहेको गुनासो समेत गरेका छन्।

# जनमतका सप्तरी जिल्ला कोषाध्यक्ष बलात्कार र ठगी आरोपमा पक्राउ

**अपन दैनिक संवाददाता**
**सप्तरी, असार २४ गते**

जनमत पार्टी सप्तरीका कोषाध्यक्ष नरेश अधिकारीलाई जबरजस्ती करणी तथा ठगीको आरोपमा प्रहरीले पक्राउ गरेको छ।

अधिकारीविरुद्ध परेको जाहेरीका आधारमा जिल्ला प्रहरी कार्यालय सप्तरीले पक्राउ गरी अनुसन्धान अघि बढाएको हो।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डीएसपी हेमराज घिमिरेका अनुसार अधिकारीविरुद्ध जबरजस्ती करणी र ठगीसम्बन्धी उजुरी दर्ता भएपछि उनलाई पक्राउ गरी अदालतबाट म्याद थप गरेर अनुसन्धान सुरु गरिएको छ।

प्रहरीका अनुसार सप्तरीको महादेवा गाउँपालिका-२ निवासी अधिकारी केही दिनदेखि फरार रहेका थिए।

खोजतलासका क्रममा उनलाई मंगलबार दिउँसो महादेवापट्टी क्षेत्रबाट नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

## मधेश भवनमा पत्रकारलाई ............

अहिले मधेश भवनमा मध्यरातसम्म पनि हुने गरेको छ। जसले गर्दा पत्रकारमाथि मानसिकरुपमा समेत सुरक्षानिकायले यातनासंगै दबाब दिने गरेको एक पत्रकारले जानकारी दिए। मधेश भवनमा सोमबार केही पत्रकारले आफ्नो परिचय दिएर प्रवेश गर्न खोज्दा 'पत्रकार हरूले फोटो खिच्छन्' भन्ने कारण देखाउँदै प्रवेश गर्नमा रोक लगाएको छ।

सामान्यतया पनि कुन मन्त्रालयमा काम छ भन्ने पुष्टि गर्न सम्बन्धित मन्त्रालयका कर्मचारी वा पदाधिकारीसंग सम्पर्क गराएपछि मात्रै प्रवेश गर्न दिइने गरिएको बताइन्छ। गृह, सञ्चार तथा कानून मन्त्री फकिरा महतोले मधेश भवनमा पत्रकारलाई फोटो खिच्न वा क्यामेरा लैजान निषेध गरिएको भन्ने कुनै निर्णय प्रदेश सरकारले नगरेको बताए। उनले भने, 'पत्रकारलाई मधेश भवन प्रवेशमा रोक लगाइएको छैन। किन र के कारणले यस्तो भएको हो, म बुझ्छु।' मुख्यमन्त्री कृष्णप्रसाद यादवले पनि घटनाबारे जानकारी नभएको प्रतिक्रिया दिए। उनले प्रदेश सरकारको तर्फबाट पत्रकारलाई प्रवेशमा रोक लगाउने कुनै निर्णय नभएको दाबी गरे।

मधेश भवन सुरक्षाको जिम्मेवारीमा रहेका गण प्रमुख एसपी मदन बढुथोकीले पनि पत्रकारलाई प्रवेशमा रोक्ने कुनै निर्देशन आफूहरूले नदिएको बताए। यस घटनाप्रति नेपाल पत्रकार महासंघ मधेश प्रदेशले आपत्ति जनाएको छ। पत्रकारलाई मधेश भवन प्रवेशमा रोक लगाउनु प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप भएको महासंघले जनाएको छ।